# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २५ अप्रेल २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी आगामी २७ र २८ अप्रिलमा सिक्किमको दुई दिने भ्रमणमा रहनुहुनेछ, जहाँ उहाँले राज्यको ५० औं वार्षिकोत्सवको समापन समारोहमा भाग लिनुहुनेछ।

- प्रधानमंत्री नरेन्द्र मोदीले भोलि 11 बजे आकाशवाणीको 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरूसित आफ्नो विचार साझा गर्नुहुनेछ।

- पश्चिम बंगाल विधानसभा चुनावको क्रममा गम्भीर दुर्व्यवहार र पक्षपात गरेको आरोपमा निर्वाचन आयोगले डायमंड हार्बर क्षेत्रका पाँच पुलिस अधिकारीहरूलाई निलम्बन गरेको छ।

- पहिलो चरणको मतदानपछि दार्जीलिङ, खरसाङ अनि कालेबुङ विधानसभा क्षेत्रको मत संग्रह गरिएको ईभिएम मासिन विभिन्न स्ट्रङ रूममा कठोर सुरक्षाको साथ राखिएको छ।

- आइतवारदेखि कोलकाता सहित सम्पूर्ण दक्षिण बङ्गालमा मौसम परिवर्तन हुने सम्भावना व्यक्त गरिएको छ।

**प्रधानमन्त्री-सिक्किम भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आगामी २७ र २८ अप्रिलमा सिक्किमको दुई दिने भ्रमणमा रहनुहुनेछ, जहाँ उहाँले राज्यको ५० औं वार्षिकोत्सव (स्वर्ण जयन्ती) को समापन समारोहमा भाग लिनुहुनेछ। भ्रमणको क्रममा, उहाँले २७ अप्रिलमा गान्तोकमा एक प्रमुख रोड शोमा भाग लिनुहुनेछ र २८ अप्रिलमा पाल्जोर स्टेडियममाहुने मुख्य कार्यक्रममा भाग लिनुहुनेछ, जहाँ उहाँले विभिन्न परियोजनाहरूको उद्घाटन गर्ने अपेक्षा गरिएको छ।प्रधानमन्त्रीको भ्रमणलाई मध्यनजर गर्दै, सुरक्षाको कारणले गर्दा सबै पर्यटकहरूलाई २८ अप्रिलमा बिहान ६ बजेसम्म गान्तोकबाट प्रस्थान गर्न सल्लाह दिइएको छ।भाजपा सांसदहरू सम्बित पात्रा, राजु बिष्ट, मन्त्री दिलीप जयस्वाल र अन्य नेताहरू तयारीको समीक्षा गर्न गान्तोक आइपुग्नुभएको छ र यस सम्बन्धमा उच्चस्तरीय बैठकहरू भइरहेका छन्।सिक्किमको ५० वर्षे विकास यात्रालाई प्रदर्शन गर्न प्रधानमन्त्रीको यो भ्रमण अत्यन्त महत्त्वपूर्ण मानिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको प्रस्तावित सिक्किम भ्रमण अघि, मुख्यमन्त्री प्रेम सिंह तामाङले तयारीको स्थलगत समीक्षा गर्नुभयो र सबै व्यवस्थाहरू सहज रूपमा सञ्चालन गर्न अधिकारीहरूलाई निर्देशन पनि दिनुभयो।मुख्यमन्त्री तामाङ्, मन्त्रीहरू, विधायकहरू, मुख्य सचिव रवीन्द्र तेलङ, पुलिस महानिदेशक (डीजीपी) अक्षय सचदेवा र विभिन्न विभागका सचिवहरूले प्रधानमन्त्रीले आफ्नो भ्रमणको क्रममा भ्रमण गर्न सक्ने स्थानहरूको निरीक्षण गर्नुभयो। अधिकारीहरूलाई सबै आवश्यक व्यवस्थाहरू समयमै र प्रभावकारी रूपमा सम्पन्न भएको सुनिश्चित गर्न निर्देशन दिइएको छ।सिक्किमका मुख्यमन्त्रीले सबै निर्धारित कार्यक्रमहरूको सहज सञ्चालन सुनिश्चित गर्दै सुरक्षा, समन्वय र बन्दोबस्तीको तयारीमा उच्चतम मापदण्ड कायम राख्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।अधिकारीहरू अनुसार प्रधानमन्त्री मोदी २७ अप्रिलमा दिउँसो ३ बजे लेबोङ हेलिप्याडमा आइपुग्नुहुनेछ। त्यसपछि उहाँले राज्यको राजधानीबाट लोकभवनसम्म लगभग तीन किलोमिटरको रोड शो गर्नुहुनेछ।

**प्रधानमंत्री - मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदी भोलि 11 बजे आकाशवाणीको 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरूसित आफ्नो विचार साझा गर्नुहुनेछ।यो मासिक रेडियो कार्यक्रमको 133 औं शृंखला हो। कार्यक्रमको प्रसारण आकाशवाणी र दूरदर्शनका सम्पूर्ण नेटवर्कहरूमा गरिनेछ।यसको सीधा प्रसारण एआईआर न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय र सूचना तथा प्रसारण मंत्रालयको यूट्यूब चैनलहरूमा पनि गरिनेछ।आकाशवाणी द्वारा क्षेत्रीय भाषाहरूमा पनि यसको प्रसारण गरिनेछ।

**प्रधानमंत्री-नीति आयोग**

प्रधानमन्त्री नरेन्द्र मोदीले नीति आयोग भारतको नीति निर्माण संरचनाको एक महत्वपूर्ण स्तम्भको रूपमा देखा परेको बताउनु भएको छ।यसले सहकारी संघवादलाई बढ़ावा दिन, सुधारहरूलाई अगाडि बढाउन र जीवनलाई सुगम बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।प्रधानमन्त्रीले सोशल मीडिया पोस्ट मार्फत भन्नुभएको छ नीति आयोगले विभिन्न क्षेत्रहरूमा नवाचार र

दीर्घकालिक रणनीतिक सोचको लागि गतिशील मंचको रूपमा काम गर्दछ। नीति आयोगका नव नियुक्त उपाध्यक्ष अशोक कुमार लाहिड़ीले आज नयाँ दिल्लीमा प्रधानमन्त्रीसित भेटवार्ता गर्नुभयो। भेटघाटको क्रममा श्री मोदीले श्री लाहिड़ीलाई उहाँको नियुक्तिमा शुभकामना दिनुभयो। प्रधानमन्त्रीले श्री लाहिड़ीको प्रयासले देशमा नीति निर्माणलाई नयाँ ऊर्जा दिने विश्वास व्यक्त गर्नुभयो।प्रधानमंत्रीले राजीव गौबा, प्रोफेसर के.वी. राजू, प्रोफेसर गोबर्धन दास, प्रोफेसर अभय करंदीकर र डा. एम. श्रीनिवासलाई पनि नीति आयोगको पूर्णकालिक सदस्य निर्वाचित भएकोमा शुभकामना दिनुभयो।

**नीति आयोग-नए उपाध्यक्ष**

अर्थशास्त्री अशोक कुमार लाहिडीलाई नीति आयोगको उपाध्यक्ष नियुक्त गरिएको छ। उहाँले वर्तमान उपाध्यक्ष सुमन के. बेरीको स्थान लिनुहुनेछ। श्री लाहिडीका साथ, सरकारले नीति आयोगको पूर्णकालिक सदस्यको रुपमा राजीव गौबा, के०वी० राजू, गोबरधन दास, एम० श्रीनिवास र अभय करंदीकरलाई नियुक्त गरेको छ। श्री लाहिड़ी एक अनुभवी नीति निर्माता हुनुहुन्छ । यसअघि उहाँ भारतका 12 औं मुख्य आर्थिक सल्लाहकारको रूपमा कार्यरत हुनुहुन्थ्यो।

**निर्वाचन आयोग कारबाही**

पश्चिम बंगाल विधानसभा चुनावको क्रममा गम्भीर दुर्व्यवहार र पक्षपात गरेको आरोप लागेका कारण निर्वाचन आयोगले डायमंड हार्बर क्षेत्रका पाँच पुलिस अधिकारीहरूलाई तत्काल निलम्बन गरेको छ। आयोगले उनीहरू विरुद्ध उपलब्ध प्रमाणको आधारमा अनुशासनात्मक कारबाहीको आदेश पनि दिएको छ।निलम्बित अधिकारीहरूमध्ये पहिलो डायमंड हार्बरका अतिरिक्त पुलिस अधीक्षक (एएसपी) सन्दीप गराई हुन्। उनको विरुद्धमा प्रमाणहरू समावेश भएको प्रतिवेदन गृह मन्त्रालयमा रहेको उनको क्याडर नियन्त्रण गर्ने अधिकारीलाई पठाउन सकिन्छ। यसबाहेक, उप-विभागीय पुलिस अधिकारी सजल मण्डल, डायमंड हार्बर पुलिस स्टेशनका इन्चार्ज मौसम चक्रवर्ती, फाल्टा पुलिस स्टेशनका इन्चार्ज  अजय बाग र उस्थी पुलिस स्टेशनका इन्चार्ज शुभेच्छ बागलाई पनि निलम्बन गरिएको छ र अनुशासनात्मक कारबाही सुरु गरिएको छ। यसबाहेक, डायमंड हार्बरका पुलिस अधीक्षक डा. इशानी पाललाई चुनाव जस्ता संवेदनशील मामिलाहरूमा उनका मातहतका अधिकारीहरूले अनुशासन र निष्पक्षता सुनिश्चित गर्न असफल भएकोमा चेतावनी दिइएको छ। चुनावको पहिलो चरणमा पश्चिम बंगालका २९४ निर्वाचन क्षेत्रहरूमध्ये १५२ मा ९२.८८% मतदाता मतदान भएको थियो। मतदान प्रक्रियाको क्रममा केही स्थानहरूमा छिटपुट झडपहरू रिपोर्ट गरिएका छन्। राज्यका दुई स्थानमा भाजपा उम्मेदवारहरूमाथि आक्रमण गरिएको छ, जसमध्ये एक जनालाई लखेटिएको र कुटपिट गरिएको छ, तर उनका अंगरक्षकले उनलाई बचाएका छन्। यसैबीच, मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पहिलो चरणमा मतदान भएको पश्चिम बंगालका ४४,३७६ मतदान केन्द्रहरूमध्ये कुनै पनिमा पुन: मतदान गर्न सिफारिस नगरिएको बताउनुभएको छ।

**पश्चिम बंगाल चुनाव - निरीक्षण**

पश्चिम बंगालमा दोस्रो चरणको मतदान भन्दा अघि, राज्यका मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवाल, विशेष पर्यवेक्षक सुब्रता गुप्ता अनि विशेष पुलिस पर्यवेक्षक एन.के. मिश्रा आरामबाग, बोंगाँव, बैरकपुर अनि संदेशखाली मा  औचक निरीक्षण गरि रहेका छन् | निर्वाचन आयोगका सूत्रहरु अनुसार यो कदम आगामी चरण मा शांतिपूर्ण मतदान सुनिश्चित गर्नका लागि उठाइएको हो | मुख्य चुनाव अधिकारी आरामबाग पुग्नु भइसकेको छ ,जहाँ उहाँले जिला मजिस्ट्रेट, पुलिस अधीक्षक अनि सबै स्थानीय पुलिस थानाका प्रभारीहरु सित  भेट गर्नु हुनेछ | यस अवधि कानून व्यवस्थाको  स्थितिको समीक्षा गरिनेछ अनि बूथ स्तर सुरक्षालाई दहरिलो गर्ने निर्देश जारी गरिनेछ |अशांतिको आशंका रहेका  क्षेत्रका चिह्नित बूथहरुमा केंद्रीय बललाई  तैनाती गरिनेछ अनि विशेष निगरानी राखिनेछ |

**पहाड़ - स्ट्रङ रूम**

पहिलो चरणको मतदानपछि दार्जीलिङ, खरसाङ अनि कालेबुङ विधानसभा क्षेत्रको मत संग्रह गरिएको ईभिएम विभिन्न स्ट्रङ रूममा कठोर सुरक्षाको साथ राखिएको छ।पहाड़को तीनवटा विधानसभा  क्षेत्रमा पनि विभिन्न पार्टीका उम्मेद्वारहरूसँगै जनसाधागणले आ-आफ्नो मत खसालेका थिए भने मतदानपछि यी तीनैवटा विधानसभा क्षेत्रबाट ईभिएम- मा संग्रह गरिएको मतलाई कठोर सुरक्षा व्यवस्थाबीच स्ट्रङ रूममा राखिएको छ। जसमा दार्जीलिङ विधानसभा क्षेत्रका लागि दार्जीलिङ सरकारी महाविद्यालय, कालेबुङका लागि एस.यु.एम. आई अनि खरसाङका लागि सन्त अल्फन्स स्कूलमा स्ट्रङ रूम निर्माण गरिएको छ। अब आगामी 4 मईको दिन मतगणना सम्पन्न हुनेछ।  स्मरण रहोस् , यसपालीको विधानसभाको चुनावमा दार्जीलिङबाट 6 जना, कालेबुङबाट 7 जना अनि खरसाङबाट 7 जना विभिन्न राजनीतिक दल अनि स्वतन्त्र उम्मेद्वारहरू चुनावी मैदानमा उत्रिएका थिए|

**पश्चिम बंगाल - चुनाव**

पश्चिम बंगालमा दोस्रो चरणको विधानसभा चुनावका लागि प्रचार ज़ोर तोडले  भइरहेको छ | यस चरणमा  29 अप्रैल को दिन भोट खासलिने छ |भाजपा का राष्ट्रीय अध्यक्ष नितिन नवीन ले आज बारानगर मा एक रोड शो मा भाग लिनु भयो । सोशल मीडिया पोस्ट मा उहाँले भन्नु भयो राज्य, आफ्नो पुरानो शान फिर्ता पाउने अनि डरको राजनीतिलाई पूर्ण रुपले नकारन का निम्ति तैयार छ।

***पश्चिम बंगालमा विपक्षका नेता सुवेंदु अधिकारीले मुख्यमंत्री ममता बनर्जी अनि तृणमूलका नेताहरुमाथि भ्रष्टाचार अनि तुष्टीकरणको आरोप लगाउदै उनीहरुमाथि तीखा हमला गरे। असमका मुख्यमंत्री हिमंता बिस्वा सरमा ले भाजपा को चुनावी प्रदर्शनमा पूरा भरोसा जताउनु भएको छ। एक संवाददाता सम्मेलन लाई संबोधित गर्नु हुँदै उहाँले भन्नु भयो भाजपा असम अनि पश्चिम बंगालमा व्यापक जीत हासिल गर्ने दिशामा रहेको छ | तृणमूल कांग्रेस का नेता कुणाल घोष ले दावा गर्नु भएको छ पश्चिम बंगाल विधानसभा चुनावहरुको प्रथम चरणमा पार्टीले ज़बरदस्त प्रदर्शन गरेको छ अनि तृणमूल राज्य मा सत्ता मा बनी रहनेछ। कांग्रेसका राज्यसभा सांसद प्रमोद तिवारी अनि अखिलेश प्रसादले दावा गर्नु भयो विधानसभा चुनाव पछि पश्चिम बंगाल मा सरकार बनाउनमा कांग्रेसले अहम भूमिका निभाउने छ। कांग्रेस 20 साल पछि पश्चिम बंगालमा बिना कुनै गठबंधन, एकलै चुनाव लडी रहेको छ |***

**भारत नेपाल**

भारत भ्रमणमा रहेका नेपालका पत्रकारहरूको एक टोलीले विदेश सचिव विक्रम मिस्रीसंग महत्वपूर्ण अन्तरक्रिया गरेको छ|उक्त भेटघाटमा विदेश सचिवले नेपाल-भारतबीचको बहुआयामिक साझेदारीमा भएको उल्लेखनीय प्रगति,आपसी सहकार्यका विभिन्न आयामहरू तथा भविष्यका सकारात्मक सम्भावनाबारे विस्तृत जानकारी गराउनुभयो|यस अन्तर्कियाले दुई देशबीचको मित्रता,सहकार्य र आपसी साझेदारी अझ सुदृढ बनाउने विश्वास लिइएको छ|

**मौसम**

मौसम विभागले दक्षिण बङ्गालका विभिन्न जिल्लाहरूमा हावा-हुन्डरी आउने पूर्वानुमान जारी गरेको छ। आइतवारदेखि कोलकाता सहित सम्पूर्ण दक्षिण बङ्गालमा मौसम परिवर्तन हुने सम्भावना व्यक्त गरिएको छ।मौसम विभाग अनुसार उत्तर 24 परगना, मुर्शिदाबाद, नदिया, बीरभूम, पूर्व बर्धमान, पश्चिम बर्धमान, बाँकुड़ा, पुरुलिया, झाड़ग्राम औ पश्चिम मेदिनीपुर जिल्लामा सतर्कता जारी गरिएको छ।आइतवारदेखि आगामी शुक्रवारसम्म कोलकाता सहित दक्षिण बङ्गालका सबै जिल्लाहरूमा कालबैशाखीको प्रभाव देख्न सकिन्छ । यस अवधि 40 देखि 50 किलोमीटर प्रतिघण्टाको गतिले हावा चल्ने अनि बिजुली चम्किनको साथै वर्षा हुने सम्भावना व्यक्त गरिएको छ |

यसैबीच उत्तर बङ्गालमा वर्षा एवं हावा-हुन्डरीको प्रभाव अधिक रहने बताइएको छ। यहाँका दार्जीलिङ, जलपाईगुड़ी तथा अलिपुरद्वार जिल्लामा घना वर्षा हुने सम्भावना रहेको छ। यी जिल्लाहरूको लागी अरेञ्ज अलर्ट जारी गरिएको छ। मौसम वैज्ञानिकहरू अनुसार पूर्वी उत्तर प्रदेशदेखि दक्षिण बङ्गलादेशसम्म एक द्रोणिका रेखा विकसित भएको छ जसको प्रभावले बङ्गालको खाड़ीबाट नमीयुक्त हावा राज्यमा प्रवेश गरिरहेको छ जसको फलस्वरूप वर्षा अनि हावा-हुन्डरीको निम्ति अनुकूल परिस्थिति सृजित भएको मानिन्छ।

**********